# ICSE SEMESTER 2 EXAMINATION

## SPECIMEN QUESTION PAPER

## NEPALI

## (SECOND LANGUAGE)

*Maximum Marks: 40*

*Time allowed : One and a half hours*

*You will not be allowed to write during the first 10 minutes.*

*This time is to be spent in reading the question paper.*

***SECTION A is compulsory.***

***SECTION B**–Answer questions from **any two books** that you have studied.*

*The intended marks for questions or parts of questions are given in brackets [ ].*

---

### SECTION A

**Question 1**

निम्नलिखित कुनै एक विषयमाथि **200** शब्दहरूभित्र एउटा गहकिलो निबन्ध लेख :— **[12]**

(i) अनलाइन क्लास गर्दा के कस्ता सुविधा असुविधाहरू भोगेका छौ सो जनाएर अनलाइन क्लासबाट हुने लाभ र हानिको चर्चा गर।

(ii) "मौका आउँछ पर्खिंदैन"—यस उखानको आशयलाई स्पष्ट पार्दै आफूले भोग्नुपरेको यस्ता अनुभवलाई व्याख्या गर।

(iii) 'जीवनको लक्ष्य धन आर्जन गर्नु मात्र होइन।' यस भनाइसित आफ्नो सहमति वा असहमति जनाएर एउटा निबन्ध लेख।

(iv) पर्यावरणको बद्लिँदो अवस्थाले प्राकृतिक आपदा निम्त्याउँछ। पर्यावरणमा परिरहेको यसको असरबारे तिमीले के अनुभव गरेका छौ यसबारे जनाएर चर्चा गर।

(v) देशको बढ्दो जनसङ्ख्या र यसले विभिन्न क्षेत्रमा परिरहेको प्रभावबारे जानकारी गराउँदै जनसङ्ख्या रोकथाम गर्न सरकारले के कस्ता नीतिहरू अप्नाउनुपर्ने हो यस विषयमा आफ्नो विचार राख।


© Copyright reserved.

**Question 2**

निम्नलिखित कुनै एक विषयमाथि **एक सय बीस (120)** शब्दहरूभित्र एउटा चिट्ठी लेख :— [8]

(i) अनलाइन परीक्षाको निम्ति विभिन्न असुविधाहरू हुने हुनाले परीक्षा अफलाइन गराइदिने निवेदन गरेर स्कूलका प्रधान अध्यापकलाई एउटा चिट्ठी लेख।

(ii) कोरोना सङ्क्रमणबाट आफू पनि जोगिन र अरूलाई पनि जोगाउन सल्लाह र उपायहरू बताएर साथीलाई चिट्ठी लेख।

## SECTION B

***(Answer questions from any of the two books that you have studied.)***

### साहित्य कुञ्ज : गद्य खण्ड

### SAHITYAKUNJ : GADHYA KHAND

**Question 3**

**"रनेको पेटपालन नै यस्तो थियो। रनेको बाबु पनि यस्तै जालहारी थियो। एकरात दश वर्षअघि नै साउनको भेलमा परेको थियो, अब त्यो स्मृतिको धुलोभित्र कतै होला। साधारण मानिसहरू भूत प्रेतसित डराउँछन्, रात विरात हिँड्न हुन्न, हिँडे चुँडेल सिन्डिका आँखा पर्छन् भन्ने यिनीहरूको विश्वास छ।"**

**(माछाको मोल—शिवकुमार राई)**

(i) रने को हो ? [2]

(ii) रनेको पेटपालन कस्तो थियो ? [2]

(iii) रनेको बाबुले के गर्थ्यो ? रनेको बाबुको मृत्यु कसरी भएको थियो ? [3]

(iv) कथाकार शिवकुमार राईका कुनै दुईवटा प्रकाशित पुस्तकका नाम लेख। [3]

### पद्य कुञ्ज

### PADHYA KUNJ

**Question 4**

**"नभन तिम्रो उत्सर्ग यहाँ**
**जङ्गली फूल झैं मर्नेछ**
**नभन तिम्रो सिद्धिएको आयु**
**मूल्यविहीन नै चुक्नेछ**
**हिसाब किताबको यस युगमा**
**चुक्ला मूल्य एक एकको"**

**(उत्सर्ग—लक्खीदेवी सुन्दास)**

(i) प्रस्तुत कवितांश भएको कवितामा कविले कसको उत्सर्गको कुरा गरेका छन् ? [2]

(ii) यहाँ 'जङ्गली फूल' भनेर के भन्न खोजिएको हो ? [2]

(iii) 'हिसाब किताबको युग' भनेको के हो ? [3]

(iv) कविले कसलाई के नगर्नु भनेर आह्वान गरेका छन् ? [3]

## (भ्रमर)

**Question 5**

**"पत्नीले ठूला ठूला काला आँखाले एकचोटि पतिका आँखामा हेरी त्यसपछि परम तृप्ति औ अशेष आनन्दसहित आँखा चिम्लेर स्वामीका हात सुम्सुम्याउँदै पत्नीले भनी, "त्यही दिनको स्मृतिले मलाई अनेक दु:ख, अनेक आपददेखि बँचाएर हजुरको दासी हुने शुभ दिन देखायो।''**

(i) प्रस्तुत अवतरणमा चर्चित पति-पत्नी को हुन् ? [2]

(ii) कुन कुराले कसलाई परम तृप्ति र अशेष आनन्द दिएको छ ? [2]

(iii) 'त्यही दिनको स्मृतिले' भनेर कुन दिनको कस्तो स्मृति बुझिन्छ ? [3]

(iv) 'हजुरको दासी' भनेर के भनिएको हो ? कसले कसको दासी हुने मौका पाएछन् ? [3]

**Question 6**

**"कटुवाल दाइ, तपाईंले ल्याइदिनुभएको इन्द्रकमलको फूल अझै राम्रै छ। हेर्नोस् त मैले यसलाई कस्तरी कपालमा लगाएकी छु।''**

**(साहिनु—सानुभाइ शर्मा)**

(i) प्रस्तुत अवतरणमा भएको कुरा कसले कसलाई भनेको हो ? [2]

(ii) कटुवाल दाइ को हुन् ? [2]

(iii) वक्ताले यसो भनेपछि त्यहाँको वातावरण कस्तो बन्यो ? [3]

(iv) 'साहिनु' एकाङ्कीमा भएका पात्र पात्राहरूका नाम लेख। [3]